# लोक सेवा आयोग

## नेपाल न्याय सेवा, कानून समूह, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मितिः- २०८०।१०।१३

समयः ३ घण्टा | पत्रःद्वितीय | पूर्णाङ्कः- १००

बिषयः सेवा सम्बन्धी

तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

१. विधिशास्त्रीय दृष्टिकोणबाट विश्लेषण गर्दा नेपालको संविधानले संविधानबादका आधारभूत मान्यता र विशेषताहरूलाई आत्मसात गरेको भएपनि यो एक संवैधानिक र कानूनी लिखतका अतिरिक्त राजनीतिक सहमतिको दस्ताबेज समेत भएका कारण यसले संविधानबादका कतिपय पक्षहरुमा सम्झौता समेत गरेको छ भन्ने भनाइप्रति सहमत हुनुहुन्छ कि हुनुहुन्न? विश्लेषणात्मक धारणा प्रस्तुत गर्नुहोस्। १५

२. फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ ले साविक मुलुकी ऐनको सजाय निर्धारण गर्ने विधि र प्रक्रियाभन्दा पृथक रुपमा कुनै कसूरको सम्बन्धमा अदालतबाट कानून बमोजिम कसूरदार ठहर भएपछि मात्रै सजाय निर्धारण गर्नुपर्ने र कसूरदारलाई सजाय निर्धारण गर्दा पनि छुट्टै सुनुवाई गरी निर्धारण गर्नुपर्ने व्यवस्था गरेको छ। सजाय निर्धारण गर्दा यस किसिमको व्यवस्था अवलम्बन गर्नुको सैद्धान्तिक आधारहरुको विश्लेषण गर्दै नेपालमा यसको कार्यान्वयनमा देखिएका समस्याहरुको पहिचान गरी समाधानका उपायहरुसमेत सुझाउनुहोस्। २०

३. भारतीय नागरिक हरि वर्मा (काल्पनिक नाम) ले नेपालमा बसेर बंगलादेशी मुद्राको नक्कली मुद्रण गरी साउदी अरेबिया हुँदै बंगलादेश पठाउने गरेको उजुरीको आधारमा निज अभियुक्त हरि वर्मालाई ठमेलको डिस्को रेष्टुरेन्टबाट पक्राउ गरियो। निज वर्माले यस अघि बंगलादेशको ढाकामा नै बसी अवैध मुद्राको कारोबार गरेको अभियोग लागेकोले फरार अभियुक्तको सूचीमा राखी बंगलादेश सरकारले इन्टरपोलमार्फत् रेड कर्नर नोटिस जारी गराएको रहेछ। नेपालको हालसम्म भारत, बंगलादेश र साउदी अरेबियासँग पारस्परिक कानूनी सहायता सम्बन्धी सम्झौता वा सन्धि भएको छैन। यस स्थितिमा निज हरि वर्मालाई कुन देशमा कस्तो मुद्दा के कसरी चलाउन सकिन्छ? यस किसिमको मुद्दा सम्बन्धमा अन्तर्राष्ट्रिय प्रचलन के कस्तो रहेको छ? पारस्परिक कानूनी सहायता सम्बन्धी विद्यमान कानूनी व्यवस्था बमोजिम विश्लेषणसहित राय दिनुहोस्। २०

४. नेपालको कानून तर्जुमा प्रकृयामा कानून तर्जुमाका आधारभूत सिद्धान्तको प्रयोगमा बेवास्ता गर्ने गरिएको साथै अधिकांश व्यवस्थाहरु प्रत्यायोजित विधायनको पद्धति अपनाई "तोकिए वा तोकिए बमोजिम" शब्द राखी नियमावलीमा समावेश गर्नै नमिल्ने कुराहरूसमेत नियमावलीमा समावेश गर्ने गरिएको छ भन्ने आम धारणा रहेको छ। यो धारणा कानूनका विद्यार्थी र कानून व्याख्याकर्तामा मात्र सीमित नभई राष्ट्रिय सभाको प्रत्यायोजित व्यवस्थापन समितिले समेत आफ्नो प्रतिवेदनमा उल्लेख गरी आएको देखिन्छ।

उपरोक्त पृष्ठभूमिको सम्बन्धमा चर्चा गर्दै माथि उल्लिखित आम धारणालाई भविष्यमा कायम रहन नदिनका लागि तर्जुमाकारले कुनै पनि ऐन तथा नियमावलीको मस्यौदा तर्जुमामा के कस्ता सीमा र आधारभूत सिद्धान्तको पालना गर्नुपर्ला? विवेचना गर्नुहोस्। प्रत्यायोजित विधायनको क्षेत्रसमेत समावेश गरी तर्जुमाका आधारभूत सिद्धान्त र सीमा उल्लेख गर्नुहोस्। २०

५. विकासशील तथा विकासोन्मुख देश सबैमा भ्रष्टाचार व्याप्त रहेको छ र यसबाट राजनैतिक तथा प्रशासनिक दुवै क्षेत्र अछुतो रहेको छैन भन्ने आम भनाइ रहेको छ। नेपालको विशेष अदालतमा समेत भ्रष्टाचारका मुद्दा दायर हुने गरेको र अन्य निकायहरुमा उजुरी पनि निकै पर्ने गरेको तथ्यहरु विभिन्न प्रतिवेदनहरुले देखाएका छन्।

क्रमशः...

नेपालको सन्दर्भमा कसैकोमा भेट्न जाँदा निकै पहिलादेखि कोसेली लाने प्रचलन रहेको र हाल पनि दशैं तिहार जस्ता चाडपर्वमा मदिरा, मिठाई, मसला जस्ता उपहार पठाउने प्रचलन रहेको छ। साथै, अन्य जिन्सी र नगद लेनदेन भएको, अन्य देशमा सम्पत्ति खरिद गरिदिएको र बाहिर लगानी समेत हुने गरेको समाचार विभिन्न सञ्चार माध्यमहरुमा प्रकाशन हुने गरेका छन्।

यसै सन्दर्भमा नेपालको भ्रष्टाचार निवारण ऐनले कुनै पनि प्रकारको उपहार, चन्दा लगायतका अन्य कुरा लिन नपाउने प्रावधान राखे तापनि सामान्य जिन्सीलाई समाजले समेत स्वीकार गरेको अवस्थालाई कसरी हेर्नुहुन्छ? यसबाट के कस्तो भ्रष्टाचारजन्य काम कारवाहीमा मद्दत पुगेको ठान्नुहुन्छ वा ठान्नुहुन्न? चर्चा गर्नुहोस्। साथै, भ्रष्टाचार निवारण सम्बन्धमा हालसम्म नेपालले गर्दै आएको प्रयासहरूको संक्षिप्त समीक्षा गर्दै सुशासन र सदाचारयुक्त नेपाली समाजको निर्माण गर्न के कस्तो नीतिगत, कानूनी तथा संगठनात्मक व्यवस्थाको आवश्यकता रहेको छ? विश्लेषण गरी तार्किक सुझाबसहित सुझाब कार्यान्वयनको लागि खाका प्रस्तुत गर्नुहोस्। २५

««« समाप्त »»»